नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ | अंक १४० | २०७८ साल पुस १५ गते बिहीबार (30 Dec. 2021 Thursday) | मूल्य रु. ५/-

कोरोना संक्रमणदर घटेको मात्र हो: पूर्णरुपमा हटेको छैन ।
त्यसैले सचेत र सतर्क रहौं ।
विद्यालय तथा अन्य जमघटमा जाँदा
स्वास्थ्य मापदण्डको अनिवार्य पालना गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : वर्षा र हिमपातका मुलुकभर... ३ पृष्ठमा : विद्यालयमा रोकिएन दलगत... ३ पृष्ठमा : डब्ल्यूएचओद्वारा ओमिक्रोन...



जनमत पार्टी सप्तरीले बुधबार पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको रुपनी बजारमा किसानहरुको मागप्रति ऐक्यबद्धता जनाउँदै उनीहरुमाथी भएको दमनको बिरुद्ध गरिएको राजमार्ग अवरुद्धको दृश्य । *तस्बिर : राजविराज दैनिक*

## उम्मेदवारी फिर्ता लिएका ललनले पाए ९५ भोट

**दैनिक समाचारदाता**
**राजविराज, १४ पुस ।**

नेपाली काँग्रेसको प्रदेश सदस्य पदमा उम्मेदवारी फिर्ता लिएका सप्तरी काँग्रेसको प्रवक्ता समेत रहेका प्रभात कुमार ललनले ९५ मत पाएका छन् ।



उनले निर्वाचन सुरु हुनु भन्दा पाँच मिनेट अगाडी उम्मेदवारी फिर्ता लिएका थिए । देउवा पक्षका उनी आपसी तालमेल भएपछि अन्तिम क्षणमा उम्मेदवारी फिर्ता लिएका थिए ।

हालै जनकपुरमा भएको प्रदेश २ को अधिवेशनमा उनी प्रदेश सदस्य खुल्लातर्फ उम्मेदवारी दर्ता गराएपनि मतदान शूरु हुनुभन्दा ५

***बाँकी अन्तिम पृष्ठमा***

## आज सार्वजनिक विदा

**दैनिक समाचारदाता**
**राजविराज, १४ पुस ।**

सरकारले तमु ल्होसार पर्वको अवसरमा बिहीबार सार्वजनिक विदा दिने निर्णय गरेको छ ।

भूमि, व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्री शशी श्रेष्ठले बुधबार बसेको मन्त्रिपरिषद् बैठकले सो निर्णय गरेको जानकारी दिएका छन् ।

सरकारको निर्णयअनुसार देशभरका सबै सरकारी कार्यालय तथा सार्वजनिक निकाय र विदेस्थित कुटनैतिक नियोगमासमेत सार्वजनिक विदा दिइने छ ।

# वर्षासँगै चिसो हावा चल्दा जनजिवन कष्टकर

**दैनिक समाचारदाता**
**राजविराज, १४ पुस ।**

सामान्य वर्षासंगै चलेको चिसो हवाका कारण बुधवार विहानैदेखी सप्तरीसहित मुलुकभरको जनजिवन कष्टकर बनेको छ ।

चिसो बढेसँगै बालबालिका र बृद्धबृद्धाहरु बढी प्रभावित हुन थालेका छन् । विहानै देखी सामान्य वर्षा र सो संगै चलेको चिसो हावाका कारण घरबाट मानिस कमै निस्कन थालेका छन् । जसकारण बजारमा चहल पहल समेत निकै घटेको छ ।

चिसोबाट बालबालिका, बृद्धबृद्धासँगै विपन्न समुदाय पनि बढी पीडित देखिएका छन् । विषेश गरी ओढ्ने-ओछ्याउने एवं लगाउने न्यानो कपडा नहुने गरिब परिवार जाडोबाट बढी पीडित बनेका हुन् ।

जिल्लाको विभिन्न स्थानमा बाक्लो वसोवास रहेको मुसहर र बात्तर समुदायमा चिसोले सबभन्दा बढी प्रभाव पार्ने गरेको छ ।

## सूचना । सूचना ॥ सूचना ॥।

यस ट्रेडर्सद्वारा पैठारी गरि बिक्रि बितरण गरिने DAIKIN INDIA, भारत ब्राण्डको अधिकतम खुदरा मुल्य निम्न अनुसार भएको सर्वसाधारणको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| SN | Products | Model Number | MRP |
|---|---|---|---|
| 1 | Wall Mount 1 TR | FTHT35TV16U | 72000 |
| 2 | Wall Mount1.5 TR | FTHT50TV16U | 84000 |
| 3 | Wall Mount 2 TR | FTHT60TV16U | 125000 |
| 4 | Out Door Unit | RXYQ18ARY6 | 602000 |
| 5 | Out Door Unit | RXYQ14ARY6 | 493000 |
| 6 | Out Door Unit | RXYQ10ARY6 | 408000 |
| 7 | Ceiling Cassatte IDU | FXFSQ63ARV16 | 55000 |
| 8 | Ceiling Cassatte IDU | FXFSQ100ARV16 | 63000 |
| 9 | Ceiling Cassatte IDU | FXFSQ32ARV16 | 33000 |
| 10 | Ceiling Cassatte Panel | BYCQ125EAF6 | 11500 |
| 11 | Ductable IDU | FXDQ32NDV36 | 45000 |
| 12 | Ductable IDU | FXDQ50NDV36 | 47000 |
| 13 | Remote Controller VRV | BRC2E61 | 2000 |
| 14 | Wall Mount IDU | FXAQ32ARVE6 | 32000 |
| 15 | Wall Mount IDU | FXAQ63ARVE6 | 39000 |
| 16 | Refnet | KHRP26A72 T6 | 4200 |

**OM MANGAL BINAYAK TRADERS**
**NEW ROAD, KATHMANDU**



## सम्पादकीय

# न्यानो कपडा र दाउराको प्रबन्ध मिलाऊ

पुनः एक वर्षपछि चिसोको मौसमले आगमन गरिसकेको छ। यो मौसमको आगमनसँगै मानिसहरुले शरीरलाई न्यानो कपडा लगाएर चिसोबाट बचाउने गर्छन्। न्यानो कपडा हुनेखानेका लागि मात्र हो। तर सप्तरीमा अधिकांश संख्यामा विपन्न समुदायको बसोवास रहेको छ। जसले एक छाक खान महिनेत र मजदुरी गर्नेगर्दछन्। उनीहरु न्यानो कपडा खरीद गर्न सक्दैनन्। कीन भने उनीहरुले गर्ने मजदुरीले खान त पुग्छ तर, लगाउन न्यानो कपडा पुग्दैन्। अत्याधिक चिसोका कारण सप्तरीमै मानिसहरुको मृत्युवरण भएको तथ्याङ्क समेत रहेको छ।

एक छाक टार्न धौं धौं भइरहेको अवस्थामा न्यानो कपडा खरिद गर्न आर्थिक अभाव रहेको छ। उनीहरुलाई पनि आम नेपालीले राज्यबाट पाउने विभिन्न सुविधाको भोगअधिकार हुन्छ। तर, गरिबी जिवन बिताइरहेका ती विपन्न परिवार त्यस्ता सुविधाबाट बारम्बार बञ्चित हुने गरेका छन्। उनीहरु राज्यबाट समेत अपहेलित हुन्छन्। यस्तो अवस्थामा कम्तिमा चिसोबाट जोगिनका लागि राज्यबाट ती समुदायका लागि व्यवस्था गरिनु पर्दछ। चिसो मौसम आउनु अगावै उनीहरुका लागि राज्य तथा सम्बन्धीत निकायले केही व्यवस्था गर्न अग्रसरता देखाउनु पर्ने हो। तर, यहाँ त्यस्तो देखिन्न्।

तसर्थ अतिविपन्न समुदायका लागि स्थानिय सरकारले चिसोबाट बच्नका लागि केही राहत स्वरुप न्यानो कपडाको व्यवस्था तथा शरीरलाई न्यानोका लागि दाउरा बाल्ने प्रबन्ध समेत मिलाउन आवश्यक छ। विभिन्न संस्था तथा सरकारी निकायको पहलमा त्यस्ता समुदायलाई कम्तिमा बाच्न पाउने अधिकारबाट बञ्चित हुन नदिन अहिलेबाटै अग्रसरता देखाउनु अति आवश्यक छ। अनिमात्र उनीहरुले आफू पनि नेपली जनता हुँ भन्ने अनुभुती पाउनेछन्।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# वर्षा र हिमपातका मुलुकभर चिसो बढ्यो: जनजीवन कष्टकर

काठमाडौं, १४ पुस (रासस)।

बुधबार मुलुकभर मौसम बदली भई अधिकांश ठाउँमा पानी परेको छ। पानी परेसँगै देशका उच्च पहाडी र हिमाली भेगमा मङ्गलबार रातिदेखि हिमपात भइरहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

काठमाडौं उपत्यकामा पनि रातिदेखि नै पानी परेको छ भने उपत्यका आसपासका डाँडाहरूमा हिमपात भएको छ। विभिन्न स्थानमा हिमपातले जनजीवन कष्टकर बनेको छ। ठाउँठाउँमा सडक अवरुद्ध समेत भएका हुँदा स्थानीयवासी तथा यात्रुहरू मर्कामा परेका हुन्। अहिले देशभर सामान्यदेखि पूर्ण बदली रही अधिकांश स्थानमा हल्का वर्षा र उच्च हिमाली तथा पहाडी भेगमा हिमपात भइरहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

महाशाखाले आगामी २४ घण्टाका लागि चेतावती तथा परामर्श जारी गर्दै देशभर चिसो बढ्ने क्रममा रहेकाले त्यसबाट बच्न आवश्यक सतर्कता अपनाउन सबैमा अनुरोध गरेको छ। मौसमी प्रणालीका कारण पर्वतारोहण,हवाई/यातायातलगायत दैनिक जनजीवनमा समेत असर पर्नसक्ने देखिएकाले चिसोबाट बच्न र हिमपातबाट हुनसक्ने प्रभावबाट जोगिन आवश्यक सतर्कता अपनाउन अनुरोध गरिएको छ। महाशाखाको पछिल्लो विवरणमा काठमाडौंको तापक्रम न्यूनतम तीन दशमलव छ र अधिकतम तापक्रम १५ दशमलव दुई डिग्री सेल्सियस रहेको छ।

**टेलिफोन सेवा अवरुद्ध**

**बझाङ** - हिमपातका कारण बझाङ जिल्लाको टेलिफोन सेवा आंशिक रुपमा प्रभावित भएको छ। सौर्य ऊर्जामा निर्भर बझाङका टेलिकम टावरमा सौर्य प्रणाली चार्ज नहुँदा नेपाल टेलिकमको सेवा पनि आंशिक रुपमा प्रभावित भएको छ।

शनिबारदेखि नै बेला-बेलामा नेटवर्कले काम नगर्ने समस्या देखिएको बुङ्गल नगरपालिका-१० देउलीकोटका मोहन बोहराले बताउनुभयो। घाम नलाग्दा पहाडी जिल्लाका एफएफ रेडियोको प्रसारण सेवा पनि प्रभावित भएको छ। रिले स्टेशनमा विद्युत् सेवा नहुँदा सौर्य ऊर्जाका भरमा प्रसारण भइरहेका एफएफको रिले स्टेशनमा हिमपात हुँदा प्रसारण सेवा प्रभावित भएको छ।

तीन दिनदेखि राम्ररी घाम नलागेको र सोलारका ब्याट्री चार्ज नहुँदा सेवा प्रभावित भएको जयपृथ्वी एफएम बझाङका अध्यक्ष प्रताप ओलीले बताउनुभयो। उहाँले भन्नुभयो, "तीन दिनदेखि रिले स्टेशनमा राम्ररी घाम लाग्न पाएको छैन। घाम नलाग्दा ब्याट्री चार्ज हुनसकेको छैन। रिले स्टेशनमै भारी हिमपात भएको छ। सौर्य ऊर्जा बाहेक अन्य विकल्प नहुँदा रेडियोको प्रसारण सेवा छोटचाइएको छ।" दैनिक १८ घण्टाको प्रसारण हुने गरेकोमा अहिले दिउँसो रेडियो बन्द गरेर बिहान पाँच घण्टा र साँझ पाँच घण्टा मात्र प्रसारण गर्ने गरेको उहाँको भनाइ छ।

**मनाङको जनजीवन कष्टकार**

**मनाङ**- मनाङको माथिल्लो भेगमा पुस ११ गतेदेखि हल्का हिमपात सुरु भएपछि जनजीवन कष्टकर बन्दै आएको छ। हिमपात पर्न थालेपछि केही स्थानीयवासी जिल्ला बाहिरा हिँडेका छन्। मनाङको माथिल्लो भेग थोराङ्ला, तिलिचो बेस क्याम्प र नारफुलगायतका ठाउँमा ११ गते देखिनै हिमपात सुरु भए पनि तल्लो भेग चामे सदरमुकाम आसपासमा भने १२ गतेबाट हिमपात सुरु भएको हो।

"अहिले जिल्लाको सदरमुकामलगायत तल्लो भेगमासमेत बाक्लो हिमपात भइरहेको छ। मानिस हिँडडुल गर्न कठिन भएको छ। सवारी आवगमनसमेत ठप्प भएको छ। अझै तीन दिन हिमपात हुने मौसम पूर्वानुमान शाखाको अनुमान छ। जिल्लाको माथिल्लो भेगमा अहिले दुई फिटसम्म हिउँ जमेको छ। "पर्यटकलगायत सर्वसाधरणलाई हिमपातको समयमा सतर्क हुन अनुरोध गरिरहेका छौं", प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले भन्नुभयो।

स्थानीयवासीका अनुसार बाक्लो हिमपातले अत्यधिक चिसो बढाएको छ। माथिल्लो मनाङ गाउँका छिरिङ लोप्साङ गुरुङले छिनछिनको हिमपातका कारण चिसो बढेको बताउनुभयो। उहाँका अनुसार स्थानीय साथै चक्रिय अन्नपूर्ण पदमार्ग घुम्न आएका पर्यटक हिमपातका कारण प्रभावित भएका छन्। उहाँले माथिल्लो मनाङमा शुक्रबार साँझदेखि छिनछिनमा हिउँ परिरहेको बताउनुभयो। चिसोका कारण स्थानीयवासी आगो तापेर घरभित्रै बस्न बाध्य भएका छन्। यस अघि मङ्सिर तेस्रो साता माथिल्लो मनाङ र नार्पाभूमिमा हिमपात भएकोमा केही दिनयता चामे आसपासका क्षेत्रमा पनि हिमपात हुन थालेको छ।

हिमपातका कारण अत्यधिक चिसो बढेकाले प्रहरीलाई नियमित गस्तीका लागि पठाउनसमेत समस्या भएको प्रहरी नायब उपरीक्षक सुवास खड्काले बताउनुभयो। सशस्त्र प्रहरी प्रहरी नायब उपरीक्षक अर्जुन पौडेलले हिमपातका कारण अधिकांश सडक अवरुद्ध भएकाले आवतजावत गर्न असजिलो भइरहेको बताउनुभयो। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एक्याप मनाङका प्रमुख लेखनाथ गौतमका अनुसार माथिल्लो क्षेत्र साथै सदरमुकाम चामे आसपासमा निरन्तर बाक्लो हिमपात भइरहेकाले अत्याधिक चिसो बढेको बताउनुभयो।

उहँकाअनुसार विदेशी पर्यटकलाई सुरक्षित रहन र मौसममा सुधार नआएसम्म तिलिचो र थोरङ्लालगायत अन्य जोखिम क्षेत्रमा नजान अनुरोध गरिएको छ। गत एक हप्तामा जिल्लामा ३१ विदेशी पर्यटक भित्रिए पनि हाल २० जना जिल्लाभित्र रहेका छन् भने तीमध्ये ११ जनाले थोराङ्लापास गरी मुस्ताङ पुगेको अन्नपूर्ण संरक्षण क्षेत्र मनाङले जनाएको छ।

**घर बाहिर निस्किन सकस**

**डोटी**- सुदूरपश्चिमको प्रमुख पर्यटकीयस्थल खप्तड क्षेत्रमा गएरातिदेखि भएको बाक्लो हिमपातका कारण ह्वातै चिसो बढेको छ। यसले सर्वसाधारण नागरिकलाई घर बाहिर निस्किन सकस भइरहेको छ।

हिउँले खप्तडमा डाँडाकाँडा रमणीय भएका छन्। करिब एक फिट जति हिउँ परेको त्यहाँ तैनाथ रहेको नेपाली सेनाको गुल्मले जनाएको छ। हिमपातका कारण खप्तड क्षेत्रको दृश्य निकै मनोरम भएका कारण यहाँ घुम्न आउने पर्यटकका लागि निकै रमाइलो भएको उद्योग वाणिज्य सङ्घका महासचिव तथा खप्तड झिग्राना घरबासका सञ्चालक दीपकबहादुर खड्काले बताउनुभयो। उहाँले भन्नुभयो, "मंगलबाररातिदेखि यहाँ हिमपात भएको छ, हिमपातले डाँडाकाँडा सेताम्मे भएकाले निकै रमणीय भएका छन्।"

अबका केही दिनमा खप्तड घुम्न आउने पर्यटकलाई हिमपातले निकै आनन्द दिने उहाँको भनाइ छ। जिल्लामा कोरोना सङ्क्रमण दर शून्यमा झरेसँगै अहिले खप्तड घुम्न आउने पर्यटकको सङ्ख्या वृद्धि हुँदै गएको छ। गएको वैशाखदेखि हालसम्म खप्तड क्षेत्रमा चार हजारभन्दा बढी पर्यटक आवलोकन भ्रमणका लागि आएको खप्तड राष्ट्रिय निकुञ्जको कार्यालय झिग्रानाले जनाएको छ। हिमपातका कारण त्यहाँको तापक्रम माइनस पाँच डिग्री पुगेको बताइएको छ। खप्तडमा हिमपात भएसँगै उक्त क्षेत्रका कुडासैन, झिग्राना, भल्मा, बग्लेक, गोला देउलगायतका क्षेत्रमा अत्यधिक चिसो बढेको स्थानीयवासीले जनाएको छ।

यसैगरी हिमपातकै कारण सुदूरपश्चिमका सात पहाडी जिल्ला जोड्ने भीमदत्त राजमार्ग पनि अवरुद्ध भएको प्रहरीले जनाएको छ। उक्त राजमार्गको हगुल्टे र साहखर्क क्षेत्रमा गए रातिदेखि हिमपात भएपछि यातायात अवरुद्ध भएको ट्राफिक प्रहरी पोष्ट वुडरले जनाएको छ। हिउँ परेपछि तराईबाट पहाड र पहाडबाट तराईका जिल्लाका लागि छुटेका दर्जनौं सवारीसाधन अहिले राजमार्गमै रोकिएका छन्। यात्रु बाटोमै अलपत्र परेका छन्। उक्त राजमार्गको हिउँ पन्छाउन सडक विभागको डोजर प्रयोग गरिएको प्रहरीचौकी घण्टेश्वर गैरोले जनाएको छ।

**म्याग्दी र मुस्ताङको जनजीवन प्रभावित**

**म्याग्दी**- हिमाली जिल्ला म्याग्दी र मुस्ताङमा बुधबार बिहानैदेखि परेको हिमपातका कारण बढेको चिसोले जनजीवन प्रभावित भएको छ।

मुस्ताङको अधिकांश भू-भागमा हिउँ परेको छ। घरपझोङ गाउँपालिका-५ ठिनीकी यमुना लामाले हिमपातसँगै हावाहुरी चलेको बताउनुभयो। सर्वसाधारण घरभित्रै आगो तापेर बसेका छन्। म्याग्दीको धवलागिरि गाउँपालिका-१ गुर्जा, अन्नपूर्ण गाउँपालिका-६ को पर्यटकीय बस्ती घोडेपानी र वडा नं ८ को राम्चेमा पनि हिउँ पर्न थालेको छ।

बुधबार बिहान ४ बजेदेखि हिमपात सुरु भएको घोडेपानी टोल विकास संस्थाका अध्यक्ष वीरेन गर्बुजा पुनले बताउनुभयो। खोला, ताल, पँधेरा र धारामा पानी जमेको छ। सडकमा सवारीसाधन आवतजावत गर्न समस्या भएको छ। वर्षात र हिउँले स्याउ, जौ, उवा, फापरबालीलाई सहयोग पुग्ने कृषि ज्ञान केन्द्र म्याग्दीका कृषिप्रसार अधिकृत गोविन्द पाण्डेले बताउनुभयो। याकचौरी, भेडाच्याङ्ग्रा र घोडा खच्चडलगायत पशु चौपायालाई गोठमै बाधेर राखेका छन्।

उपल्लो मुस्ताङका बासिन्दा चिसो बढेपछि म्याग्दी, कास्की, काठमाडौं, चितवन, रुपन्देही, बागलुङ, पर्वतलगायतका जिल्लामा घुम्ती व्यापारका लागि झरेका छन्। म्याग्दीका किसानले चरणका लागि लेकाली क्षेत्रमा लगेका पशु गोठ बँसी झारेका छन्। बर्खामा हिमालको फेदीका बुकी र चरन खर्कमा लगिएका गाई, भैंसी, चौरी, भेडाबाखाको गोठ चिसो बढेसँगै गाउँबस्ती आसपासका जङ्गल र पाखामा झारेका छन्।

**बालबालिका र ज्येष्ठ नागरिक बढी प्रभावित**

**रसुवा**- मंगलबाररातिदेखि वर्षासँगै परेको हिमपातले उत्तरी रसुवाको जनजीवन कष्टकर बनेको छ।

सदरमुकाम धुन्चेदेखि उत्तरी क्षेत्रका गाउँबस्तिहरूमा हिउँ पर्न थालेको स्थानीय बासिन्दाले जानकारी दिएका छन्। हिमपातका कारण स्याफ्रु, बृद्दिम, लाङ्टाङ, खैदी, थुमन, तातोपानी, टेचाङ्दे, सिम्बु, गतलाङ, चन्दनबारी समेतका क्षेत्रमा प्राभावित भएका छन्। यसैगरि हिमपातले राम्चे, ठाडे, लोकल, यार्सा, हाकुको माथिल्लो भेक गोल्जुङ समेतका गाउँको जनजीवनसमेत कष्टकर बनाएको छ।

हिमपातका कारण घर पालुवा चौपायालाई चरण क्षेत्र अभाव हुँदा पशु आहाराको सङ्कट बढ्दै गएको पशुपालक कृषकले बताएका छन्। अत्याधिक चिसोले बालवालिका र ज्येष्ठ नागरिक सबैभन्दा बढी प्रभावित भएको स्थानीयवासीले बताएका छन्।

हिमपातको समयमा घरबाट बाहिर ननिस्कन जिल्ला विपद् व्यवस्थापन समितिले सबैमा अनुरोध गरेको छ। उक्त समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी नवराज जैसीका अनुसार हिमपातको असर न्यूनीकरणका लागि न्यानो कपडा वितरण गर्ने पूर्वतयारी भइरहेको छ।

# विद्यालयमा रोकिएन दलगत हस्तक्षेप

काठमाडौँ, १४ पुस (रासस)।

बालबालिकाले निर्वाध रुपमा पढ्न पाउने विश्वव्यापी अधिकारको सम्मानसहित विद्यालयलाई राजनीतिक दलगत हस्तक्षेपबाट मुक्त गर्दै शान्ति क्षेत्र बनाउने प्रतिबद्धता गरेका प्रमुख दल र सङ्गठनबाटै पटकपटक त्यसको उल्लङ्घन हुने गरेको छ।

नेपालको संविधानको मौलिक हकअन्तर्गत धारा ३१ को शिक्षासम्बन्धी हक, बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ७ (८) शान्तिपूर्ण तथा बालमैत्री वातावरणमा पढ्न पाउने बालबालिकाको हकको व्यवस्था गरिएको छ। विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका-२०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि, हिंसा, दलगत राजनीति तथा अन्य हस्तक्षेप, भेदभाव, दुर्व्यवहार, बेवास्ता र शोषणबाट मुक्त राख्ने व्यवस्था गरेको छ। विसं २०६३ मङ्सिर ५ को विस्तृत शान्ति सम्झौतापछि नेपाल सरकारले २०६८ जेठ ११ मा मन्त्रिपरिषद्बाट विद्यालय शान्ति क्षेत्रको अवधारणा पारित गरेको थियो।

बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ६६ (२) (छ) अनुसार विद्यालयमा हुने त्यस्ता गतिविधि बालबालिकाविरुद्धको कसुर हो। यो कसुरका लागि रु ७५ हजारसम्म जरिवाना र तीन वर्ष कैद हुनसक्ने प्रावधान छ। यस्तो काम नैतिक पतन हुने फौजदारी कसुर मानिएको छ। उक्त ऐनमा "कसैले सशस्त्र द्वन्द्व वा जस्तोसुकै प्रतिकूल अवस्थामा कुनै पनि प्रयोग हुने विद्यालयलगायत स्थान, सेवा वा सुविधालाई आक्रमण वा सोको सञ्चालन एवं व्यवस्थापनमा अवरोध गर्न वा गराउन हुँदैन", भन्ने उल्लेख छ भने ऐनको दफा ७२ मा कारबाहीको व्यवस्था गरिएको छ।

गत निर्वाचनको घोषणापत्रमा वाम गठबन्धनले विद्यालयलाई राजनीतिक हस्तक्षेप मुक्त गर्दै शान्ति क्षेत्र बनाउने प्रतिबद्धता व्यक्त गरेको थियो। नेपाली कांग्रेससहित अन्य दलले पनि घोषणापत्रमा कल्याणकारी राज्यअन्तर्गत शिक्षा क्षेत्रलाई सवल बनाउने उल्लेख गरेको थियो। उक्त संवैधानिक व्यवस्था र प्रतिबद्धताविपरीत पछिल्ला समयमा विद्यालयमा पठनपाठन अवरोध हुने गरी राजनीतिक गतिविधि भएको पाइएको छ। सिन्धुलीको गोलन्जोर गाउँपालिकाका चार, बत्साला माध्यमिक विद्यालय र लमजुङको क्व्होलासोथार गाँउपालकि १, जनज्योति माध्यमिक विद्यालयमा विद्यार्थी सङ्गठन अनेरास्ववियुले यही पुस ८ गते पढाए अवरोध गरेर विद्यालय कमिटी गठन गर्ने कार्य गरेको छ।

यतै जाजरकोटमा सर्वदलीय निर्णय गरी मेला लगाउन सदरमुकाम खलङ्गाको त्रिभुवन माध्यमिक विद्यालयमा यही पुस १२ देखि १६ सम्म पढाइ बन्द गरिएको छ भने नेकपा (एमाले) पर्साको जगरनाथपुर गाउँपालिकामा पुस ८ गते भएको सभामा त्यहाँका सबै विद्यालय बन्द गरी विद्यार्थीलाई सहभागी गराइएको छ। विद्यमान शिक्षा नियमावलीमा वर्षमा कम्तीमा १९२ दिन विद्यालय खुल्नुपर्ने व्यवस्था छ। बालबालिका माथि टेलिफोन, इन्टरनेट, अनलाइनलगायत विद्युतीय सञ्चारमाध्यम वा अन्य माध्यमबाट बालबालिकालाई हैरानी गर्ने, तर्साउने, धम्क्याउने, गलत सूचना प्रवाह गर्नेजस्ता कार्य पनि भइरहेका छन्। एघार महिनाअघि गत माघ २१ गते बैतडीमा विद्यालयबाट घर फर्कंदै गर्दा भागरथी भट्टको बलात्कारपछि हत्या गरिएको घटना सार्वजनिक भएको थियो। गत साउन १७ गते रौतहटको माधवनारायण नगरपालिका-४, विष्णुपुकारस्थित श्री माध्यमिक विद्यालयमा व्यवस्थापन समितिको अध्यक्ष चयनका क्रममा झडप हुँदा बाँसको भाँटाको प्रयोगबाट १७ जना घाइते भएका थिए।

पर्साको वीरगञ्ज महानगरपालिका-२१ स्थित गीतागजेन्द्रराज जोशी माध्यमिक विद्यालयमा गत मङ्सिर १४ गते अधिकारका लागि आवाज उठाउँदा सुरक्षाकर्मीले विद्यार्थीमाथि हस्तक्षेप गरेका थिए। सञ्चारमाध्यममा सार्वजनिक नभएका यस्ता घटना पनि अनगिन्ती छन्।

बाल संरक्षण र बालअधिकारमा क्रियाशील नागरिक संस्थाको राष्ट्रिय सञ्जाल बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) सहित विभिन्न शैक्षिक सञ्जालले पछिल्ला समयमा विभिन्न दल, भ्रातृ सङ्गठन तथा समुदायस्तरबाटै बालबालिकालाई जुलुस, सभा र विद्यालयमा विद्यार्थी सङ्घसङ्गठनका गतिविधिमा सम्लग्न गराएकामा आपत्ति जनाउँदै आएको छन्।

सिजपका अध्यक्ष राजेश शर्मा र महासचिव मीना शर्माले बुधबार जारी गरेको विज्ञप्तिमा जुलुस तथा कुनै पनि राजनीतिक क्रियाकलापमा बालबालिकाको प्रयोग नगर्न, कुनै पनि बहानामा विद्यालय बन्दजस्ता गतिविधि नगर्ने, हुन नदिने र शान्तिपूर्ण सुरक्षित तथा बालमैत्री वातावरणमा शिक्षण सिकाइको प्रत्याभूति गराउने वातावरण गराउन स्थानीय सरकारको पनि ध्यानाकर्षण गराइएको छ। अध्यक्ष शर्माले सञ्जालले सम्बन्धित संस्थाको समन्वयमा बालअधिकार र शिक्षा अधिकारविरोधी त्यस्ता गतिविधिको नियमित र प्रभावकारी अनुगमन गर्ने बताउनुभयो।

तत्कालीन नेकपा (माओवादी)को सशस्त्र युद्धकालमा २०६० असोज २६ गते डोटीको मुढभरास्थित शारदा उच्च माध्यमिक विद्यालयमा विद्रोही पक्षको सांस्कृतिक कार्यक्रममा सुरक्षा निकायबाट भएको गोली प्रहारका क्रममा चार विद्यार्थीसहित दशको मृत्यु तथा केही विद्यार्थी घाइते भएपछि अधिकारकर्मीले बालबालिका शान्ति क्षेत्र र विद्यालय शान्ति क्षेत्रका लागि देशव्यापी आवाज उठाएका थिए। अभियानकै निरन्तरताका क्रममा सिजप सञ्जाल विस्तार गरिएको हो।

# घरेलु तथा साना उद्योगमा महिलालाई प्रोत्साहित गर्नुपर्छ : मुख्यमन्त्री राउत

जनकपुर, १३ पुस (रासस)।

प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउतले घरेलु तथा साना उद्योगमा महिलालाई प्रोत्साहित गर्नुपर्ने बताउनुभएको छ।

नेपाल घरेलु तथा साना उद्योग प्रदेश नं २ को दोस्रो अधिवेशन एवं महिला उद्यमी सम्मेलनको बुधबार जनकपुरमा उद्घाटन गर्नुहुँदै मुख्यमन्त्री राउतले घरेलु तथा साना उद्योगमा महिलाको सहभागिता र सक्रियता बढाउन सकिए प्रदेशको आर्थिक विकासले गति लिने भएकाले घरेलु तथा साना उद्योगतर्फ महिलालाई प्रोत्साहित गर्नुपर्ने बताउनुभयो।

पछिल्लो समय घरेलु तथा साना उद्योगमा महिलाको सहभागिता बढ्दै गएकोप्रति खुशी व्यक्त गर्नुहुँदै उहाँले साना उद्योगमा महिलाको सहभागिता र सक्रियता बढाउन प्रदेश सरकारले ठोस योजना बनाउन लागेकोसमेत बताउनुभयो। प्रदेश नं २ मा उद्योगधन्दा सञ्चालन गर्ने प्रचुर सम्भावना भए पनि विभिन्न कारणले अपेक्षाकृत कार्य गर्न नसकिएको उल्लेख गर्नुहुँदै प्रदेश सरकारले छिट्टै औद्योगिक विकासका लागि ठोस योजना ल्याउने मुख्यमन्त्री राउतले प्रतिबद्धता व्यक्त गर्नुभयो।

नेपालको आर्थिक विकास कृषिजन्य उद्योगले ठूलो योजना पुऱ्याएको चर्चा गर्नुहुँदै उहाँले प्रदेश सरकारले कृषिउपज र अन्य घरेलु तथा साना उद्योगको उत्पादनलाई बजारसम्म पुऱ्याउनका आवश्यक रणनीति बनाउने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो।

उद्योग महासंघ प्रदेश २ का अध्यक्ष सत्यनारायण अग्रवालको अध्यक्षतामा आयोजित उद्घाटन कार्यक्रममा महासंघका केन्द्रीय अध्यक्ष श्यामप्रसाद गिरीले बंगलादेशसँग समन्वय गरेर वीरगञ्जमा गार्मेन्ट उद्योग स्थापना गर्नुपर्ने र महिलालाई सहुलियत दरमा ऋण उपलब्ध गराउनका लागि प्रदेश सरकार अग्रसर हुनुपर्ने बताउनुभयो।

# जेलर र सुरक्षाकर्मीसहित नौ जना पक्राउ

देउखुरी, १४ पुस (रासस)।

दाङको घोराही कारागारबाट कैदी भागेको घटनामा जेलर र सुरक्षाकर्मीसहित नौ जना पक्राउ परेका छन्। गत बुधबार कारागारका नाईके यामराम परियार भागेपछि जेलर र सुरक्षाकर्मीलाई पक्राउ गरिएको हो।

पक्राउ पर्नेमा जेलर युवराज परियार, कारागार सुरक्षा प्रमुख प्रहरी सहायक निरिक्षक रुद्रबहादुर सेन ठकुरी, प्रहरी हवल्दार गणेशकुमार थारु, प्रहरी जवान धनबहादुर चौधरी, विपासा चौधरी, समि चौधरी, सौरभ खनाल, भानुभक्त पाण्डे र थकाली होटलका सञ्चालक रहेका छन्। उनीहरुलाई थप अनुसन्धानका लागि दाङ जिल्ला अदालतबाट म्याद थप गरी हिरासतमा राखिएको छ। उपचारका लागि भन्दै काराबारबाट निस्कीएका प्रहरी धनबहादुर चौधरी र कैदी परियार अस्पताल नगई होटलमा पुगेका थिए। थकाली होटलमा दुई महिलासहित पुगेका उनीहरुमध्ये परियारले प्रहरी जवान चौधरीलाई कोठामा थुनेर भागेका थिए।

कारागार प्रशासन र सुरक्षा संयन्त्रको लापरवाहीका कारण कैदी भागेको भन्दै घटनामा संलग्नको आशंकामा उनीहरुदाई अनुसन्धानको दायरामा ल्याइएको प्रहरी उपरीक्षक सुरेश काफ्लेले बताउनुभयो।


**वीमा लेख नं. हराएको सूचना**

राजविराजदेखी पत्थरगाडा जाँदै गरेको अवस्थामा २०७८ साल मंसिर २ गते मेरो निम्न ब्यहोराको वीमा लेख नं. हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकीमा सम्पर्क गर्नुहोला।

**नाम : ममता देवी साह**
**ठेगाना : पत्थरगाडा ३, सप्तरी**
**वीमा लेख नं. :१२००२७०२२**

**वीमा लेख नं. हराएको सूचना**

राजविराजदेखी पातो जाँदै गरेको अवस्थामा २०७८ साल कात्तिक २० गते मेरो निम्न ब्यहोराको वीमा लेख नं. हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकीमा सम्पर्क गर्नुहोला।

**नाम : भरत कुमार सदा**
**ठेगाना : सिम्रहा सिगियौन ९, सप्तरी**
**वीमा लेख नं. :२५१७०४११८**

**वीमा लेख नं. हराएको सूचना**

राजविराजदेखी बोदेबर्साइन जाँदै गरेको अवस्थामा २०७८ साल कात्तिक २५ गते मेरो निम्न ब्यहोराको वीमा लेख नं. हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकीमा सम्पर्क गर्नुहोला।

**नाम : गोशाई साहु**
**ठेगाना : मानराजा ३, सप्तरी**
**वीमा लेख नं. :१२००२७५७५**


## विश्व समाचार

# डब्ल्यूएचओद्वारा ओमिक्रोन जोखिम धेरै उच्च भएको चेतावनी

जेनेभा, १४ पुस (रासस/एएफपी)।

ओमिक्रोनले अझै पनि धेरै उच्च जोखिम खडा गरेको र यसले स्वास्थ्य सेवा प्रणालीलाई ओझेलमा पार्न सक्ने डब्लुएचओले बुधबार चेतावनी दिएको छ। धेरै देशहरूमा अत्याधिक मात्रामा कोरोनाभाइरस ओमिक्रोन संस्करणले प्रकोप बढेको जनाएको छ।

गत हप्तामा विश्वव्यापी रूपमा कोरोना सङ्क्रमण ११ प्रतिशतले बढेको छ। नेदरल्याण्ड्स र स्विट्जरल्याण्ड ओमिक्रोन भेरियन्टले तनाव भएको छ। ती देशहरुमा विश्व स्वास्थ्य संगठनले सावधानी अपनाउन आग्रह गरेको छ।

ओमिक्रोन चिन्ताको नयाँ संस्करणसँग सम्बन्धित समग्र जोखिम धेरै उच्च रहेको संयुक्त राष्ट्रसंघ स्वास्थ्य एजेन्सीले कोभिड १९ साप्ताहिक महामारी अपडेटमा जानकारी दिएको छ।

डब्ल्यूएचओले बेलायत, दक्षिण अफ्रिका र डेनमार्कको प्रारम्भिक तथ्याङ्कमा प्रति व्यक्ति विश्वको तुलनामा सङ्क्रमणको उच्च दर रहेको जनाएको छ। डेल्टाको तुलनामा ओमिक्रोनको लागि अस्पतालमा भर्ना हुने जोखिम कम भएको भएपनि तर ओमिक्रोनको गम्भीरता बुझ्न थप डाटा आवश्यक रहेको जनाइएको छ। ती अध्ययनहरूको बावजुद, ओमिक्रोनको द्रुत बृद्धिले "अझै पनि ठूलो संख्यामा अस्पताल भर्ना हुने, विशेष गरी खोप नभएका समूहहरूमा, र स्वास्थ्य प्रणालीमा व्यापक अवरोध ल्याउने जनाइएको छ।

फ्रान्समा युरोपकै हालसम्मकै सर्वाधिक उच्च एक लाख ८० हजार नयाँ दैनिक कोभिड-१९ सङ्क्मण पुष्टि भएको छ।युरोपका सबै देशले ओमिक्रोन भेरियन्ट नियन्त्रण गर्न सङ्घर्ष गरिरहेका छन्। इट्ली, ग्रीस, पोर्चुगल र इङ्ग्ल्यान्ड सबैमा उच्च सङ्ख्यामा सङ्क्मणहरू पुष्टि भएका छन्। क्रिसमसका कारण परीक्षणका परिणामहरू आउन ढिलो हुनुलाई आँकडा बढ्नुको आंशिक कारण मानिएको छ। विश्व स्वास्थ्य सङ्गठनले युरोपमा बढ्दो सङ्क्मणले स्वास्थ्य प्रणालीमा थेग्नै नसक्ने किसिमको चाप उत्पन्न गराउनसक्ने चेतावनी दिएको छ।

मङ्गलवार फ्रान्समा १ लाख ७९ हजारभन्दा बढी सङ्क्मण पुष्टि भएको थियो। सङ्क्मित सङ्ख्यामा कीर्तिमान कायम गर्नेमा फ्रान्ससहित इटली, ग्रीस, पोर्चुगल र इङ्ग्ल्यान्ड पनि छन्। चाडपर्वलगत्तै आइरहेको बढ्दो सङ्क्मणको विवरण तीव्र गतिमा फैलिने ओमिक्रोन भेरियन्टका कारण निम्तिएको ठानिन्छ। अध्ययनहरूले डेल्टाभन्दा ओमिक्रोन भेरियन्ट कमजोर रहेको र त्यसका कारण अस्पताल भर्ना हुनुपर्ने अवस्था ३० देखि ७० प्रतिशत कम हुने देखाएका छन्।

इटलीमा सङ्क्मितको सङ्ख्या ७८ हजार नाघेको छ जुन महामारी यताकै उच्च हो। त्यहाँ २०२ जनाको मृत्यु भएसँगै हालसम्म ज्यान गुमाउनेको सङ्ख्या १ लाख ३६ हजार ७ सय ५३ पुगेको छ। पोर्चुगलमा सङ्क्मितको नयाँ कुल सङ्ख्या मङ्गलवार १७ हजार १ सय ७२ पुगेको छ। ग्रीसमा २१ हजार ६७५ वटा सङ्क्मणका घटना पुष्टि भएपछि त्यहाँका स्वास्थ्यमन्त्रीले शान्त रहन अनुरोध गरेका छन् साइप्रसमा २ हजार २४१ नयाँ सङ्क्मणका घटना पुष्टि भएको छ जुन एक दिनको सर्वाधिक उच्च सङ्ख्या हो

यसैबीच इङ्ग्ल्यान्डमा कीर्तिमानी १ लाख १७ हजार ०९३ हजार सङ्क्मणका विवरण स्वास्थ्य अधिकारीहरूले दिएका छन्। क्रिसमसका कारण युकेभरिको तथ्याङ्क भने आएको छैन।

# यमनमा हिंसा झन् बढेकामा संयुक्त राष्ट्रसंघद्वारा चिन्ता व्यक्त

आदेन, १४ पुस (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसंघीय महासचिव एन्टोनियो गुटर्रेसका विशेष दूत ह्यान्स ग्रन्डबर्गले यमनमा पछिल्ला वर्षहरुमा हिंसा बढ्दै गएको बताउनुभएको छ।उहाँले यमनमा बढ्दो यो हिंसाको अवस्था चिन्ताजनक रहेको पनि बताउनुभएको छ। यहाँ पछिल्ला वर्षहरुमा सर्वसाधारण नागरिकहरु हिंसामा पर्ने गरेको भन्दै उहाँले चिन्ता व्यक्त गर्नुभएको हो।

उहाँले राजधानी सानामा पनि निरन्तर रुपमा हवाई कारबाहीका नाममा हमलाहरु हुने गरेका र यसमा पनि सर्वसाधारण नागरिकहरु नै पर्ने गरेका बताउनुभएको छ।यमनमा साउदी अरेबिया नेतृत्वको सेनाले हुथी विद्रोहीका विरुद्धमा हवाई रुपमा र स्थलगत कारबाही गर्ने गरेको छ। यसमा परेर प्राय हप्तैपिच्छे कैयौँ विद्रोहीहरु मारिने पनि गरेका छन्। उक्त सेनाले यमनको दक्षिण पश्चिमी क्षेत्र ताइजमा सोमबार मात्र पनि आक्रमण गरेको थियो। त्यस आक्रमणमा परेर १२ जना विद्रोही मारिएका य स्हाँका एकजना सैनिक अधिकारीले जानकारी दिएका छन्।

गत महिनादेखि यहाँको सो सेनाले उक्त क्षेत्रमा पनि कारबाहीलाई निरन्तरता दिएको बताइएको छ। यसअघि सो सेनाले यमनको मध्यक्षेत्रमा पर्ने मारिब प्रान्तमा हुथीहरुका विरुद्धमा कारबाही गर्ने गरेको थियो। मारिबमा हुथी विद्रोहीहरुको कार्यालय रहेको स्थानलाई पनि सेनाले घेरा हालेर आक्रमण गरी ध्वस्त बनाएको जनाएको छ।

मारिबबाट लखेटिइका हुथी विद्रोहीहरुले पछिल्लो समयमा ताइज प्रान्तमा अखडा जमाउन थालेको सूचनाका आधारमा साउदी अरेबियाको नेतृत्वको सेनाले कडा मात्रामा निगरानी गर्ने गरेको बताएको छ।निरन्तरको यस्तो कारबाहीले मारिबबाट मात्र कम्तीमा ३५ हजार स्थानीय नागरिक भागेर अन्यत्रै पुगेका राष्ट्रसंघका विशेष दूत ह्यान्सले जानकारी दिनुभएको हो।

# पिएम कप प्रदेशस्तरिय छनोट खेलमा महोत्तरी र धनुषा बिजयी



**दैनिक समाचारदाता**
**राजबिराज, १४ पुस ।**

राजबिराजमा संचालित प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत प्रदेश २ स्तरिय क्रिकेट खेलाडी छनोट प्रतियोगितामा बुधबार महोत्तरी र धनुषा बिजयी भएका छन् ।

राजबिराजस्थित राजरंगशालाको खेल मैदानमा सम्पन्न पहिलो खेलमा महोत्तरीले सप्तरीलाई २५ रनले तथा दोस्रो खेलमा धनुषाले रौतहटलाई ७ बिकेटले पराजित गरेको हो ।

पहिलो खेलमा टस जितेर सप्तरीले महोत्तरीलाई ब्याटिङको लागि निम्त्याएपछि २५ ओभर १ बलमा सबै बिकेट गुमाई १ सय ४१ रनको योगफल खडा गरेको थियो । जसमा हेरकृष्ण झा ३२, अभिशेक अधिकारी २३, अभिशेख तिवारी २४ र राहुल प्रताप सिँह २० रन जोडे ।

यस्तै बलिङतर्फ सप्तरीका महबुव आलमले ४, अजय यादबले ३ तथा रोहित सिह, अनिल यादव पप्पु यादबले समान १/१ बिकेट लिएका थिए ।

जवाफमा सप्तरीले २३ ओभरमै सबै बिकेट गुमाई १ सय १६ रन मात्र बनाउन सक्यो । जसमा महबुव आलम ३९, बिकास दास २३, निरज यादबले १५ रन बनाएका थिए ।

यता महोत्तरीका मोहम्मद हुसेनले उत्कृष्ट बलिंग गर्दै सप्तरीका ५ जना खेलाडीलाई आउट गरेका थिए । त्यस्तै अर्का बलर राहुल प्रताप सिंहले ३ बिकेट र हरेकृष्णा झा ले २ बिकेट लिएका थिए । खेलको म्यान अफ दि म्याच मोहम्मद हुसेन घोषित भए ।

यसैगरि बुधबारै मबिव क्याम्पसको खेल मैदानमा सम्पन्न दोश्रो खेलमा टस जितेर रौतहटले २८ ओभरमा ७ बिकेट गुमाई १ रन को योगफल खडा गरेको थियो । जसमा असचल चौधरीले ५९, डब्लु मलिकले २३ र नितेश यादबले अविजित १४ रन जोडका थिए । बलिङतर्फ धनुषाका हरीशंकर साह र आकाश राय २/२ बिकेट तथा रूपेश र विशाल सुशिलले १/१ बिकेट लिए ।

जवाफमा धनुषाले २५ ओभरमा ३ बिकेट गुमाएर बिजय हात पार्‍यो । जसमा रौनक रत्नमले उत्कृष्ट ब्याटिङ गर्दै अबिजित ६१ रन र अकबर अलीले अविजित १६ रन बनाएपछि जित सहज भएको र टिमका लागि हिमांशु दत्तले पनि २५ रन जोडे । बलिङतर्फ रौतहटका सागर पासवान २ र राजेश यादबले १ बिकेट लिएका थिए । खेलको म्यान अफ दि म्याच धनुषाका रौनक रत्नम घोषित भएको सप्तरी क्रिकेट संघका सचिव चन्दनकुमार यादबले जानकारी दिएका छन् ।

### उम्मेदवारी फिर्ता ...

मिनेट पहिले निर्वाचन अधिकारीको कार्यालयमा एक निवेदन दिदै उम्मेदवारी फिर्ता लिएको जानकारी गराएका थिए ।

मतगणना गर्दा उनले ९५ मत पाएका छन् । उक्त पदमा भने जिवनाथ चौधरी, नरेन्द्र यादव, प्रेमशंकर सिह र बासुलाल महतो निर्वाचित भएका छन् ।

नेपाली काँग्रेसको केन्द्रिय महाधिवेशनमा सप्तरीबाट १ जना र प्रदेश २ को अधिवेशनबाट ८ गरी ९ जना निर्वाचित भएका छन् । प्रवक्ता ललनका अनुसार केन्द्रिय अधिवेशनबाट दिनेश यादव केन्द्रिय सदस्य पदमा निर्वाचित भएका छन् ।

यस्तै प्रदेश २ को अधिवेशनबाट सह-महामनीत्र पदमा परशुराम चौधरी र विन्दु यादव निर्वाचित भएका छन् । यस्तै प्रदेश २ को सदस्य पदमा भुवनेश्वर साफी, पार्वती देवी माझी, विमला साह, राजश्री यादव, नितु झा र आशाराम चौधरी निर्वाचित भएका छन् ।

यसैबीच रोकिएको सप्तरी जिल्लाको अधिवेशन पुष २७ गते हुने र यसका लागी आवश्यक तयारी शुरु गरिएको प्रवक्ता ललनले जानकारी गराएका छन् ।

# राष्ट्रिय सहमतिका आधारमा एमसिसीबारे निर्णय लिनुपर्छ : अध्यक्ष यादव

परासी, १४ पुस (रासस) ।

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले प्रमुख राजनीतिक दलहरूकाबीच सहमति र राष्ट्रको हित अनुकूल हुने गरी एमसिसीलाई अगाडि बढाउनुपर्ने बताउनुभयो ।

पार्टीको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)द्वारा बुधबार परासीमा आयोजित पत्रकार सम्मेलनमा उहाँले भन्नुभयो, "पार्टीले समय आएपछि एमसिसीका विषयमा निर्णय लिन्छ । यस विषयमा सहमतिकै आधारमा अघि बढाउनुपर्छ ।" अध्यक्ष यादवले राज्य पुनःसंरचना आयोगले सिफारिस गरे अनुसारको प्रदेश बनाउनुपर्ने र स्थानीय तहको संरचना पनि परितर्वन गर्नुपर्नेमा जोड दिनुभयो ।

# दुई सय २० जना संक्रमित

**दैनिक समाचारदाता**
**काठमाडौं, १४ पुस ।**

पछिल्लो २४ घण्टामा देशभर दुई सय २० जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ ।

पीसीआर र एन्टिजेन गरी सात हजार ६ सय आठ जनाको नमुना परीक्षण गर्दा दुई सय २० जनामा कोरोना सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

यस्तै पछिल्लो २४ घण्टामा दुई सय ५३ जना निको भएका छन् । योसहित कोरोना सङ्क्रमणमुक्त हुनेको संख्या आठ लाख ११ हजार पाँच सय १९ पुगेको छ ।

यही अवधिमा दुई जनासहित कोरोना सङ्क्रमणका कारण ज्यान गुमाउनेको संख्या ११ हजार पाँच सय ९० पुगेको छ ।

अहिले नेपालमा चार हजार आठ सय ६४ जना कोरोना भाइरसका सक्रिय सङ्क्रमित रहेका स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

# कटुवा पेस्तोलसहित एक पक्राउ

**दैनिक समाचारदाता**
**सुनसरी, १४ पुस ।**

सुनसरीको दुहवी नगरपालिका ३ बाट कटुवा पेस्तोलसहित एक यूवक पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा ईटहरी उपमहानगरपालिका १२ खनारका ३४ बर्षीय काउ भनिने शुसिल साह छन् ।

साहले कटुवा लिई हिडिरहेको भन्ने बिशेष सूचनाका आधारमा ईलाका प्रहरी कार्यालय दुहवीबाट खटिएको प्रहरी टोलीले उनलाई पक्राउ गरेको हो । उनीमाथि प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

## नेपाल पत्रकार महासंघ शाखा सप्तरीको सूचना

नेपाल पत्रकार महासंघ शाखा सप्तरीले पछिल्लो २७ वर्षदेखि निरन्तर रुपमा सप्तरीका स्वर्गीय पत्रकार लोकेन्द्र बुढाथोकीको स्मृति दिवस 'पुस २६ गते'का दिन मनाउँदै आएको सर्वविदितै छ ।

यसवर्ष पनि पुस २६ गते सोमबारकादिन २८औं लोकेन्द्र स्मृति पत्रकारिता पुरस्कार विशेष समारोहकाबीच निर्भिक, निष्पक्ष एवम् खोजमूलक समाचार सम्प्रेषण गर्ने एक जना पत्रकारलाई प्रदान गरिनेछ ।

तसर्थ, सप्तरी जिल्लालाई कार्यक्षेत्र बनाएर पत्रकारिता गर्दै आएका सञ्चारकर्मीहरुले आ-आफ्नो व्यक्तिगत विवरण, निवेदनसहित एक वर्षयता(२०७७ पुस २७ गदेखि २०७८ पुस १३ सम्म) हालसम्म प्रकाशित/प्रशारित समाचार सामग्रीहरुमध्ये कम्तिमा तीन वटा महासंघको कार्यालयमा बुझाउनु हुन अनुरोध छ ।

**नोट** : रेडियो र टेलिभिजनका पत्रकारले https://wetransfer.com बाट fnjsaptari78@gmail.com मा समेत 'समाचार सामग्री' पठाउन सकिन्छ ।

कागजात बुझाउने स्थान : नेपाल पत्रकार महासंघ शाखा सप्तरीको कार्यालय, राजविराज
बुझाउने मिति : २०७८ पुस १४ देखि २२ गतेसम्म
समय : विहान ११ बजेदेखि ३ बजेसम्म
मिति : २०७८/०९/१३ गते ।

रामनारायण विश्वास
सचिव
नेपाल पत्रकार महासंघ
शाखा सप्तरी, राजविराज

पत्रकार आचारसंहिताको पालना गरौं ।

सञ्चारमाध्यमले

- बालबालिकाको मनोविज्ञानमा नकारात्मक असर पार्नेगरी,
- अपांगता भएका व्यक्तिलाई होच्याउने, आत्मसम्मानमा चोट पुऱ्याउने गरी,
- हिंसा, आतंक, अश्लिलता, अपराधलाई प्रश्रय हुनेगरी,
- पीडितलाई थप पीडादिने, अशक्त असहाय, अल्पसंख्यक महिला तथा जेष्ठ नागरिकको मर्यादा र आत्मसम्मानमा प्रतिकूल असर पर्नेगरी,

कुनैपनि सामाग्रीहरु संप्रेषण नगरौं, पत्रकार आचारसंहिताको सम्मान गरौं ।

नेपाल सरकार
बिज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np